नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति :........................

## प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको समुपस्थितिमा मिति २०७६।३।२६ र २७ का दिन नेपाल सरकारको आर्थिक वर्ष २०७५।७६ को वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनका लागि तयार गरिएको वार्षिक कार्ययोजना कार्यान्वयनको प्रगति समीक्षा सम्पन्न भयो ।

नेपाल सरकारका विभिन्न मन्त्रालय र निकायहरुको तर्फबाट आर्थिक वर्ष २०७५।७६ मा सञ्चालन गरिएका कार्यक्रम र प्राप्त उपलब्धिहरु प्रस्तुत गरिएको थियो । कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले निर्धारित कार्यक्रमहरु समयमानै सम्पन्न गर्न, अन्तर निकाय समन्वय प्रभावकारी बनाउन र समृद्धिको आधार वर्षमा हासिल भएका उत्साहबर्द्धक उपलब्धिलाई संस्थागत गर्दै आगामी दिनमा राष्ट्रियता, लोकतन्त्र, सामाजिक



टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

मिति :..........................

च.नं. :-

न्याय, शान्ति सुरक्षा, सुशासन र विकासलाई केन्द्रमा राखी वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लक्ष्य प्राप्त गर्न समयसारिणी सहितको कार्ययोजना बनाई पूर्ण जिम्मेवार भई क्रियाशिल हुन सम्बन्धित सबैलाई निर्देशन दिंदै चालु आ.ब. को उपलब्धि हासिल गर्न संलग्न हुने सबैलाई धन्यवाद समेत दिनुभयो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले २०७६।३।२६ र २७ गतेका दिन भएको अविरल वर्षाका कारण भएको मानवीय एवं भौतिक क्षति प्रति गहिरो दुःख व्यक्त गर्दै खोज, उद्धार, राहत एवं पुनस्थार्पनामा सक्रियतापूर्वक संलग्न हुन सम्बद्ध सबै निकायलाई निर्देशन दिनु भयो ।

कार्यक्रममा माननीय उपप्रधानमन्त्रीज्यूहरु, माननीय मन्त्रीज्यूहरु, सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकारज्यू र सल्लाहकारज्यूहरु, नेपाल सरकारका मुख्य सचिवज्यू, राष्ट्रिय योजना आयोगका पदाधिकारी एवं नेपाल सरकारका सचिवज्यूहरुको समेत उपस्थिति रहेको थियो ।

..................................
(विनोद बहादुर कुंवर)
प्रवक्ता एवं सहसचिव

मिति: २०७६।३।२७



टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np